जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।।-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१

सबै क्षेत्रको प्रवर्द्धनको गुरु

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि

विज्ञापनको लागि सम्पर्क
: ९८४४०२७९७१
Whats App No:- ९८२४८७७६२७
Gmail :- Jaleshwortoday@gmail.com

बर्ष १३ • अंक २२१ • २०८३ जेठ १८ गते सोमबार • 1 June 2026 • पृष्ठ ४ • मुल्य रु.५/-

# गेरुका मेला मिथिलाको महत्वपूर्ण धार्मिक तथा सांस्कृतिक मेलाका रूपमा परिचित

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, १७ जेठ**




मिथिला सभ्यताको चर्चा गर्दा अधिकांश मानिसको स्मरणमा जनकपुरधाम, जानकी मन्दिर तथा माता सीता र भगवान रामसँग जोडिएका धार्मिक प्रसंगहरू आउँछन् । तर, मिथिलाको पहिचान मात्र यिनै धार्मिक केन्द्र र कथाहरूमा सीमित छैन । यहाँका नदी, पोखरी, धार्मिक परम्परा, तीर्थस्थल तथा मेलाहरूले पनि हजारौं वर्षदेखि यस क्षेत्रको सांस्कृतिक र ऐतिहासिक विरासतलाई जीवन्त राख्दै आएका छन् ।

यिनै पुराना परम्परामध्ये महोत्तरी र धनुषाको सीमाक्षेत्रमा पर्ने गेरुका नदी किनारमा लाग्ने गेरुका मेला मिथिलाको महत्वपूर्ण धार्मिक तथा सांस्कृतिक मेलाका रूपमा परिचित छ । स्थानीय समुदायका लागि यो मेला धार्मिक अनुष्ठान वा जमघट मात्र नभई मिथिलावासीको आस्था, सांस्कृतिक एकता र ऐतिहासिक निरन्तरताको प्रतीक बनेको छ । जानकी मन्दिरसँग जोडिएको परम्परा: स्थानीय धार्मिक मान्यता अनुसार गेरुका मेलाको इतिहास जनकपुरधामस्थित जानकी मन्दिरसँग जोडिएको छ । प्राचीनकालदेखि नै जानकी मन्दिरबाट सीतारामको प्रतीकात्मक स्वरूपलाई गेरुका नदीसम्म ल्याई स्नान गराउने परम्परा रहेको जनविश्वास छ । यही परम्पराबाट गेरुका मेलाको शुरुवात भएको बताइन्छ । वर्षौंदेखि निरन्तर चल्दै आएको यस धार्मिक परम्पराले मिथिलाको सांस्कृतिक जीवनमा विशेष स्थान बनाएको छ ।

मेला अवधिभर हजारौं श्रद्धालु नदी किनारमा पुगेर स्नान, पूजा तथा धार्मिक अनुष्ठानमा सहभागी हुने गर्छन् । नदीको नामसँग जोडिएको रोचक जनश्रुति: गेरुका नदीको नामकरणबारे पनि स्थानीयस्तरमा रोचक जनश्रुति प्रचलित छ । प्राचीन समयमा नदीको पानी हल्का गेरुवा रङको देखिने भएकाले यसको नाम 'गेरुका' रहन गएको विश्वास गरिन्छ । मिथिला संस्कृतिमा नदीलाई प्राकृतिक स्रोतका रूपमा मात्र हेर्ने परम्परा छैन । यहाँ नदीलाई देवीस्वरूप मानेर सम्मान गर्ने सांस्कृतिक मान्यता रहिआएको छ । यही कारण गेरुका नदीलाई पनि स्थानीय समुदायले पवित्र तीर्थस्थलका रूपमा सम्मान गर्दै आएको पाइन्छ । धार्मिक आस्थासँगै नदीप्रतिको सम्मान र संरक्षणको भावना पनि यस परम्परासँग जोडिएको देखिन्छ । पुरुषोत्तम मासमा विशेष महत्व: गेरुका मेलाको धार्मिक महत्व विशेषगरी पुरुषोत्तम मासमा अझ बढी रहने गर्दछ । हिन्दु धर्मशास्त्र अनुसार पुरुषोत्तम मास भगवान विष्णुको प्रिय महिना मानिन्छ । धार्मिक जानकारहरूका अनुसार मलमासलाई भगवान विष्णुले आफ्नो नाम 'पुरुषोत्तम' प्रदान गरेपछि यस महिनालाई पुरुषोत्तम मास भनिन थालेको हो । यही कारण यो महिना स्नान, दान, जप, तप तथा धार्मिक अनुष्ठानका लागि अत्यन्त शुभ मानिन्छ । स्थानीय धार्मिक विश्वास अनुसार यस अवधिमा गेरुका नदीमा स्नान गरे विशेष पुण्य प्राप्त हुने मान्यता छ । श्रद्धालुहरूका अनुसार स्वयं सीतारामले यस नदीमा स्नान गरेको र विभिन्न देवीदेवताहरू पनि गेरुका नदीमा आउने विश्वास रहिआएको छ । यसै कारण पुरुषोत्तम मासका अवसरमा महोत्तरी, धनुषा लगायत मधेसका विभिन्न जिल्लाबाट ठूलो संख्यामा भक्तजनहरू गेरुका पुग्ने गर्छन् । धार्मिक विश्वास र जनआस्था: गेरुका नदीमा स्नान तथा पूजा-आराधना गरे पाप नाश हुने, रोगव्याधिबाट मुक्ति मिल्ने, मनोकांक्षा पूरा हुने तथा पारिवारिक सुख-शान्ति प्राप्त हुने धार्मिक विश्वास रहिआएको छ । मेलाका अवसरमा श्रद्धालुहरूले नदी स्नानपछि पूजा, भजन-कीर्तन तथा विभिन्न धार्मिक गतिविधिमा सहभागिता जनाउने गर्छन् ।

यसले धार्मिक वातावरण मात्र सिर्जना गर्दैन, स्थानीय समुदायबीच सामाजिक सद्भाव र सांस्कृतिक एकतालाई समेत मजबुत बनाउने काम गर्छ । स्थानीय बासिन्दाहरूका अनुसार गेरुका मेला पुस्तौंदेखि मिथिलाको धार्मिक जीवनको अभिन्न हिस्सा बनेर रहेको छ । संस्कृति संरक्षणको चुनौती: समयसँगै आधुनिक जीवनशैलीको प्रभाव बढ्दै गए पनि गेरुका मेलाले आफ्नो मौलिकता जोगाइरहेको स्थानीय बताउँछन् ।




# (रास्वपा) को नगर अधिवेशनमा विवाद हुँदा झडप

**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, १७ जेठ**



महोत्तरीको मनरा शिसवा नगरपालिकामा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को नगर अधिवेशनका क्रममा विवाद हुँदा झडप भएको छ । नेतृत्व चयनको विषयमा उत्पन्न विवादले उग्र रूप लिएपछि एक जना कार्यकर्ता गम्भीर घाइते भएका छन् भने अन्य चार जना सामान्य घाइते भएका छन्।घाइते हुनेमा मनरा शिसवा नगरपालिका-८ निवासी गोविन्द कापर रहेका छन् ।

झडपका क्रममा उनको टाउकोमा चोट लागेको र उपचारका लागि जलेश्वरस्थित प्रादेशिक अस्पतालमा भर्ना गरिएको जनाइएको छ । रास्वपाले आगामी महाधिवेशनको तयारीस्वरूप देशभर नगर अधिवेशन सञ्चालन गरिरहेको बेला आइतबार मनरा शिसवामा आयोजित अधिवेशन नेतृत्व चयनको विषयलाई लिएर विवादित बनेको हो ।

एक पक्षले निर्वाचन मार्फत नयाँ नेतृत्व चयन गर्नुपर्ने माग राखेको थियो भने अर्को पक्षले सहमतिका आधारमा वर्तमान कार्यसमितिलाई निरन्तरता दिनुपर्ने धारणा अघि सारेको बताइएको छ । घाइते कापरले वर्तमान नगर सभापति रोमन सिंहले पुन: नेतृत्वमा निरन्तरता खोज्दै निर्वाचन प्रक्रियाबाट पछि हट्न दबाब दिएको आरोप लगाएका छन् ।

निर्वाचनको पक्षमा आवाज उठाउने कार्यकर्तामाथि हातपात भएपछि स्थिति तनावपूर्ण बनेको उनको भनाइ छ।स्थानीय कार्यकर्ताहरूका अनुसार पार्टीभित्रको आन्तरिक असन्तुष्टि र नेतृत्वको विषयमा देखिएको मतभेदका कारण अधिवेशनको वातावरण तनावग्रस्त बनेको थियो । झडपपछि कार्यक्रम प्रभावित भएको तथा अधिवेशनको प्रक्रिया अवरुद्ध बनेको जनाइएको छ।घटनाबारे प्रतिक्रिया लिन वर्तमान नगर सभापति रोमन सिंहसँग सम्पर्क गर्न खोजिए पनि सम्पर्क हुन सकेन।महोत्तरीमा रास्वपाभित्र नेतृत्व चयनलाई लिएर विवाद देखिएको यो पहिलो घटना भने होइन । यसअघि जलेश्वर नगर अधिवेशन पनि नेतृत्व चयन प्रक्रियासम्बन्धी विवादका कारण प्रभावित भएको थियो ।

GALAXY SCHOOL/COLLEGE
Bajrang Chowk, Janakpurdham-8
041-524969/9854028024
NEB AFFILIATED
Admission Open ! +2
- SCIENCE
- MANAGEMENT
- EDUCATION
- LAW with Computer
Super 81 Scholarship Scheme
33 Years of Academic Excellence


समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

www.jaleshwortoday.com

जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि



सम्पादकीय.....................

# अतिरिक्त बजेटको आवश्यकता

सरकारले माध्यमिक तहसम्म निःशुल्क शिक्षा घोषणा गरेको तर विद्यालयले वास्तविक रूपमा कार्यान्वयन गर्न नसकेको अवस्थामा यो सरकारले माध्यमिक तहसम्म निःशुल्क शिक्षा सुनिश्चित गर्न अतिरिक्त बजेटको आवश्यकता रहेको देखिन्छ। अहिले गुणस्तर सुधारमा उल्लेखनीय योगदान पुऱ्याइरहेका सामुदायिक विद्यालयका प्रधानाध्यापकको टाउको दुखाइको विषय हो- माध्यमिक तहसम्म केही पनि नाममा शुल्क उठाउन नपाउनु । विद्यार्थी संख्याअनुसार शिक्षक दरबन्दी छैन, अभिभावक कम्प्युटर शिक्षा पढाउ भन्छन् विद्यालयमा उक्त दरबन्दी छैन, अतिरिक्त क्रियाकलाप गर्न, विद्युत्, पानी, इन्टरनेट आदि शीर्षकमा पुग्दो रकम छैन । कम्प्युटर विज्ञान सामग्री मर्मत गर्ने रकम छैन । अभिभावक भेला, व्यवस्थापन समिति शिक्षक अभिभावक संघ र शिक्षक स्टाफको बैठक बस्दा चिया पिउने बजेटको व्यवस्थासम्म छैन विद्यालयमा । विद्यालय व्यवस्थापन समितिको निर्णयबाट केही रकम उठाउँदा प्रअले नै गाली खानुपर्ने देखिन्छ ।

सरकारको प्रतिबद्धता अनुसार साँच्चै माध्यमिक तहसम्म निःशुल्क शिक्षा सुनिश्चित गर्न अहिलेको बजेटले मात्र सम्भावना नरहेको देखिन्छ । शिक्षा मन्त्रालयका कर्मचारीसँग होइन, माध्यमिक तहका प्रधानाध्यापकसँग छलफल गर्दा मात्र अर्थमन्त्रीलाई थाहा हुन्छ कि एउटा विद्यालयमा के-केमा खर्च हुन्छ र बजेट के-केमा विनियोजित गर्नुपर्छ भनेर । अर्कोपटकको बजेट निर्माण प्रक्रियामा अर्थमन्त्रीले विचार पुऱ्याउनुपर्ने देखिन्छ ।

# गौशाला बजार बन्द गरी विभिन्न चोकहरूमा टायर बालेर प्रदर्शन

जलेश्वरटुडे समाचारदाता
महोत्तरी, १७ जेठ



महोत्तरीको गौशाला बजार बन्द गरी विभिन्न चोकहरूमा टायर बालेर प्रदर्शन भइरहेको छ । गौशाला नगरपालिकाले कित्ता नं. ११५, ११६ र ११७ मा निर्मित घरटहरा हटाउने तयारी गरेपछि स्थानीयवासीले संघर्ष समिति गठन गर्दै आन्दोलनमा उत्रेका हुन् ।

स्थानीयले देवनारायण महतोको अध्यक्षतामा १५ सदस्यीय संघर्ष समिति गठन गरेका छन्। नगरपालिकाको निर्णयविरुद्ध आन्दोलनलाई व्यवस्थित र प्रभावकारी बनाउन समिति गठन गरिएको जनाइएको छ। यसअघि स्थानीयवासीले शुक्रबार र शनिबार गौशाला बजार क्षेत्रमा ब्यानर तथा प्लेकार्डसहित विरोध प्रदर्शन गरेका थिए। नगरपालिकाले घर भत्काउने तयारी थालेको भन्दै स्थानीयवासीले त्यसप्रति असन्तुष्टि जनाएका हुन् । संघर्ष समितिका सदस्य नरेश सिंह कुशवाहाले ५० वर्षभन्दा बढी समयदेखि (राणाकालदेखि नै) बसोबास गर्दै आएका परिवारलाई उचित व्यवस्थापन नगरी घर हटाउने प्रयास गरिएको भन्दै त्यसको विरोधमा आन्दोलन सुरु गरिएको बताउनुभयो । उहाँले स्थानीयवासीको बसोबास अधिकार संरक्षणका लागि चरणबद्ध आन्दोलनका कार्यक्रम सञ्चालन गरिने जानकारी दिनुभयो ।

स्थानीय जगदीश प्रसाद गुप्ताका अनुसार आइतबार बिहान ७ देखि १० बजेसम्म गौशाला बजार बन्द गरी विरोध कार्यक्रम सञ्चालन गरिएको हो । उहाँले नगरपालिकाको निर्णय फिर्ता गराउन क्रमिक रूपमा थप आन्दोलनका कार्यक्रम घोषणा गरिने बताउनुभयो । गौशाला बजारस्थित कित्ता नं. ११५ मा हाल ३४ घरपरिवार बसोबास गर्दै आएका छन् । स्थानीयवासीले आफूहरू ५० वर्षदेखि यस क्षेत्रमा बसोबास गर्दै आएको जनाउँदै वैकल्पिक व्यवस्था बिना घर हटाउने निर्णय स्वीकार्य नहुने बताएका छन् । यस सन्दर्भमा गौशाला नगरपालिकाका मेयर डा. दिपेन्द्र महतोले संघीय सरकार अन्तर्गत गृह मन्त्रालयको निर्णय तथा जिल्ला प्रशासन कार्यालय महोत्तरीबाट प्राप्त सरकारी तथा सार्वजनिक जग्गा संरक्षण र अतिक्रमण हटाउनेसम्बन्धी पत्रका आधारमा गौशाला बजारस्थित कित्ता नं. ११५ खाली गराउने प्रक्रिया अघि बढाइएको जानकारी दिनुभएको छ । मेयर महतोका अनुसार जिल्ला प्रशासन कार्यालयबाट आएको उक्त निर्देशनात्मक पत्र नगरपालिकामा प्राप्त भएलगत्तै सोहीअनुसार स्थानीय सरकारले आवश्यक प्रक्रिया अघि बढाएको हो। उहाँले सार्वजनिक सम्पत्तिको संरक्षण गर्नु स्थानीय सरकारको प्रमुख दायित्व भएकाले सोही जिम्मेवारीअनुसार कार्य अघि बढाइएको स्पष्ट पार्नुभयो । उहाँले सो कित्ता नं. ११५ नेपाल सरकारको स्वामित्वमा रहेको जग्गा भएको उल्लेख गर्दै उक्त क्षेत्रमा भएको अतिक्रमण हटाई घर-संरचना खाली गराइने जानकारी दिनुभयो। "सार्वजनिक सम्पत्तिको संरक्षण गर्ने दायित्व स्थानीय सरकारको हो, सोहीअनुसार हामी कानुनी प्रक्रिया अनुसार अगाडि बढिरहेका छौँ," उहाँले भन्नुभयो । मेयर महतोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २ (ख) बमोजिम सार्वजनिक सम्पत्तिको संरक्षण गर्ने अधिकार तथा कर्तव्य स्थानीय तहलाई रहेको उल्लेख गर्दै सोही कानुनी व्यवस्थाअनुसार प्रक्रिया अघि बढाइएको स्पष्ट पार्नुभयो। नगरपालिकाले सम्बन्धित निर्देशन कार्यान्वयन गर्दै अतिक्रमित संरचना हटाउने तयारी अघि बढाएको जनाएको छ ।

# डीजे आतंक तथा ध्वनि प्रदूषण नियन्त्रण गर्न कडा कदम

जलेश्वरटुडे समाचारदाता
जनकपुरधाम, १७ जेठ




मधेश प्रदेश सरकारले सार्वजनिक स्थलमा बढ्दो डीजे आतंक तथा ध्वनि प्रदूषण नियन्त्रण गर्न कडा कदम चाल्ने भएको छ ।

गृह, सञ्चार तथा कानुन मन्त्रालयको नेतृत्वमा बसेको सरोकारवाला निकायको बैठकले पर्सा, बारा लगायत प्रदेशका आठवटै जिल्लामा अत्यधिक आवाज निकाल्ने डीजे तथा ध्वनि उपकरणको प्रयोग नियन्त्रण गर्ने निर्णय गरेको हो । बैठकले ध्वनि प्रदूषण नियन्त्रणका लागि स्थानीय तहहरूसँग समन्वय गरी सुरक्षा निकायमार्फत निगरानी र नियन्त्रण अभियान सञ्चालन गर्ने निर्णय गरेको छ । मधेश प्रदेशका गृहमन्त्री फकिरा महतोले यस सम्बन्धमा प्रहरी प्रशासनलाई आवश्यक निर्देशन दिइसकिएको जानकारी दिए । बैठकमा मधेश भवनको सुरक्षा व्यवस्थापन, कर्मचारी आवास क्षेत्रको व्यवस्थित उपयोग, गुठी जग्गा संरक्षण, फुटपाथ अतिक्रमण नियन्त्रण तथा जनकपुरधाम परिक्रमा क्षेत्रभित्र मदिरा बिक्री-वितरण नियन्त्रणका विषयमा समेत महत्वपूर्ण निर्णय गरिएको छ । मधेश भवन परिसरको सुरक्षा अवस्था सुदृढ बनाउन १५ दिनभित्र विस्तृत सुरक्षा मानक सञ्चालन कार्यविधि (एसओपी) तयार गर्न समिति गठन गरिने भएको छ । साथै, भवन परिसरको दैनिक सरसफाइको जिम्मेवारी ऊर्जा, सिँचाइ तथा खानेपानी मन्त्रालयलाई दिने र नियमित अनुगमनको व्यवस्था मिलाइने निर्णय गरिएको छ ।

बैठकले मधेश भवनभित्र रहेको कर्मचारी आवास क्षेत्रमा बसोबास गरिरहेका अनाधिकृत व्यक्तिको पहिचान गरी कानुनी प्रक्रिया पूरा गर्दै निश्चित समयसीमाभित्र खाली गराउने निर्णय पनि गरेको छ। यस कार्यको समन्वय गृह मन्त्रालयअन्तर्गतको जिन्सी शाखा प्रमुखले सुरक्षा निकायसँग मिलेर गर्नेछन् ।

त्यसैगरी, गुठीका जग्गाको अभिलेख अद्यावधिक गर्ने, अतिक्रमण भएका जग्गा फेला परे कानुनी कारबाही अघि बढाउने तथा दीर्घकालीन संरक्षणका लागि गुठी संस्थान शाखा कार्यालय जनकपुरलाई कार्ययोजना तयार गर्न निर्देशन दिइएको छ। फुटपाथ तथा सार्वजनिक स्थानमा भएका अनधिकृत संरचना हटाउन स्थानीय तहले सुरक्षा निकायको सहयोग मागे आवश्यक सहयोग उपलब्ध गराउने निर्णयसमेत बैठकले गरेको छ ।

## तपाईको टुडे

मेषः पढाईमा ध्यान दिनुपर्ने
वृषः अनावश्यक खर्चको संभावना
मिथूनः विचार गरेर बोल्नुहोला
कर्कटः शुभ कार्यको शुरुवात
सिंहः अनावश्यक चिन्ता
कन्याः खानपानमा समस्या आउने
तुलाः मित्रतामा फाटो आउने
वृश्चिकः मनमा पछुतो आउने
धनुः लामो यात्राको योग छ
मकरः पिछडेको साथी मिल्ने
कूम्भः अशुभ समाचार प्राप्त हुने
मीनः आम्दानी हुने

## मधेश प्रदेशको गौरव

श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा

## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| विहान पुजा आरती | : ०५:३० बजे |
| विहान ढोका बन्द | :१२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | :०४:०० बजे |
| सन्ध्या पूजा आरती साँझ | :०६:३० बजे |
| राति ढोका बन्द हुने समय | : १२ बजे |

(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| विहान पुजा आरती | : ०७:३० बजे |
| विहान ढोका बन्द | :१२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | :०४:०० बजे |
| सन्ध्या पूजा आरती साँझ | :०७:३० बजे |

# हर्मुजमा अमेरिकी हस्तक्षेप भए 'कडा सैन्य प्रतिक्रिया' दिने इरानको चेतावनी

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, १७ जेठ**



इरानको इस्लामिक रिभोलुसनरी गार्ड कोर्प्स (आईआरजीसी) नौसेनाले हर्मुज जलमार्गको व्यवस्थापनमा अमेरिकाले कुनै पनि प्रकारको हस्तक्षेप गरेमा 'कडा सैन्य प्रतिक्रिया' दिने चेतावनी दिएको छ । आईआरजीसी नौसेनाले सार्वजनिक समुद्री रेडियो च्यानलमार्फत फारसको खाडी र ओमानको खाडीमा सञ्चालन भइरहेका जहाजहरूलाई सम्बोधन गर्दै एक सन्देश जारी गरेको छ।

उक्त सन्देशमा हर्मुज जलमार्ग हाल बन्द रहेको र त्यहाँबाट आवतजावत केवल इरानी अधिकारीहरूको अनुमति र तोकिएको मार्गमार्फत मात्र सम्भव हुने जनाइएको छ। नियम उल्लङ्घन भएमा समुद्री सुरक्षा गम्भीर रूपमा प्रभावित हुने चेतावनी दिँदै इरानले अमेरिकी नौसेनाले जलमार्गको व्यवस्थापनमा हस्तक्षेप गर्ने वा समुद्री आवागमन अवरुद्ध गर्ने कुनै पनि प्रयास गरेमा कडा सैन्य कारबाही हुने स्पष्ट पारेको छ।

यसैबीच समुद्री स्रोतसम्बन्धी एक अन्तर्राष्ट्रिय निकायले जारी गरेको सूचनामा हर्मुज क्षेत्रको स्थिति अत्यन्तै संवेदनशील रहेको उल्लेख गरिएको छ। साथै इरानी बन्दरगाहमा प्रवेश गर्न वा त्यहाँबाट बाहिर निस्कन (बहिर्गमन) निषेध गरिएको सूचनामा जनाइएको छ । सोही क्षेत्र नजिक रहेका जहाजहरूका चालक दलका सदस्यहरूले सार्वजनिक समुद्री रेडियो च्यानलमार्फत दिएको जानकारी अनुसार अमेरिकी सैन्य विमानले एक जहाजलाई तत्काल मार्ग परिवर्तन गर्न चेतावनी दिएको छ र त्यसको गतिविधिलाई कडा निगरानीमा राखिएको छ ।

यस ताजा घटनाक्रमले विश्वकै सबैभन्दा महत्त्वपूर्ण ऊर्जा आपूर्ति मार्गमध्ये एक मानिने हर्मुज जलमार्गमा तनाव झन बढाएको देखिएको छ ।

# के देवदासको 'डोला रे डोला' छायांकनका बेला माधुरी दीक्षित चार महिनाकी गर्भवती थिइन् ?

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, १७ जेठ**



माधुरी दीक्षितले फिल्म देवदासको 'डोला रे डोला' गीत छायांकनका बेला आफू चार महिनाकी गर्भवती रहेको भन्ने चर्चाको खण्डन गरेकी छन् ।

माधुरीले आफ्नो जेठो छोरा अरिनको जन्म सन् २००३ मा भएको र देवदास २००२ मा प्रदर्शन भएकाले उक्त दाबी तथ्यहीन भएको बताइन् । छायांकनका क्रममा आफू अस्वस्थ भने रहेको तर त्यो गर्भावस्थाका कारण नभएको माधुरीले स्पष्ट पारिन् । चर्चित बलिउड अभिनेत्री माधुरी दीक्षितले फिल्म देवदास को लोकप्रिय गीत 'डोला रे डोला' को छायांकनका क्रममा आफू चार महिनाकी गर्भवती रहेको भन्ने चर्चालाई अस्वीकार गरेकी छन् । पछिल्ला दिनहरूमा सामाजिक सञ्जालमा फैलिएको उक्त दाबीबारे उनले पहिलो पटक सार्वजनिक रूपमा प्रतिक्रिया दिएकी हुन् । हालै दिएको एक अन्तर्वार्तामा माधुरीले आफ्नो जेठो छोरा अरिन नेनेको जन्ममितिलाई आधार बनाउँदै उक्त दाबी तथ्यहीन भएको बताइन् । 'अरिनको जन्म सन् २००३ मा भएको हो । त्यसैले हिसाब आफैं मिलाउनुहोस्,' उनले भनिन् ।

माधुरीका अनुसार देवदास सन् २००२ जुलाई १२ मा प्रदर्शनमा आएको थियो भने उनका छोरा अरिनको जन्म सन् २००३ मार्च १७ मा भएको थियो । यस आधारमा डोला रे डोला गीतको छायांकनका बेला आफू चार महिनाकी गर्भवती रहेको दाबी मिल्न नसक्ने उनले स्पष्ट पारिन् । यद्यपि छायांकनका क्रममा आफूलाई स्वास्थ्यसम्बन्धी केही समस्या भएको कुरा भने उनले स्वीकार गरिन् । 'म धेरै यात्रा गरिरहेकी थिएँ । लगातार यता-उता आवतजावत गर्नुपर्थ्यो। अधिकांश छायांकन राति हुन्थे । त्यसैले काम निकै कठिन थियो । म अलि अस्वस्थ थिएँ, तर गर्भावस्थाका कारण भने होइन,' उनले भनिन् ।

# हजारौं एआई प्रोसेसिङ युनिट खरिद गर्ने सरकारको योजना छ : अर्थमन्त्री वाग्ले

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, १७ जेठ**



अर्थमन्त्री डा स्वर्णिम वाग्लेले सरकारले काठमाडौँमा 'सार्वभौम एआई (आर्टिफिसियल इन्टेलिजेन्स) कम्प्युट फ्याक्ट्री' स्थापना गर्ने तयारी गरेको बताएका छन् ।

यस परियोजना मार्फत हजारौं एआई प्रोसेसिङ युनिटहरू खरिद गरी नेपाली युवा उद्यमी तथा प्रविधि क्षेत्रलाई अत्याधुनिक कम्प्युटिङ क्षमता उपलब्ध गराउने सरकारको योजना छ । बजेट प्रस्तुत गरेपछि अर्थ मन्त्रालयमा आयोजित पत्रकार सम्मेलनमा बोल्दै उनले एआई क्षेत्रमा नेपालले ठूलो छलाङ मार्ने आधार तयार भइरहेको दाबी गरे । सरकारले विश्वका विभिन्न विश्वविद्यालय र अनुसन्धान संस्थानमा कार्यरत नेपाली मूलका अग्रणी एआई शोधकर्ता तथा प्राध्यापकहरूलाई नेपाल ल्याएर फेलोसिपमार्फत अनुसन्धान र नवप्रवर्तनमा संलग्न गराउने योजना अघि बढाएको छ। एआई क्षेत्रमा कार्यरत नेपाली मूलका विज्ञ तथा न्युयोर्कको नास्डाकमा सूचीकृत कम्पनी लगायतको योगदानले यस परियोजनालाई गति दिएको अर्थमन्त्री वाग्लेले बताए ।

नेपालका डिजिटल तथा फिनटेक समुदायमा एआई पूर्वाधार निर्माणप्रति उत्साह देखिएकाले सरकारले यस क्षेत्रमा उदारतापूर्वक लगानी गर्ने नीति लिएको उनको भनाइ छ । यस योजनामार्फत दीर्घकालीन रूपमा निजी क्षेत्रबाट ठूलो लगानी आकर्षित गर्ने लक्ष्य राखिएको छ । नेपालमा उपलब्ध स्वच्छ ऊर्जालाई एआई कम्प्युटिङसँग जोड्न सके विद्युत् निर्यातभन्दा पनि उच्च मूल्य सिर्जना गर्न सकिने अर्थमन्त्री वाग्लेले उल्लेख गरे। भारतमा तारमार्फत विद्युत् निर्यात गर्ने वा बङ्गलादेशलाई बिजुली बेच्नेभन्दा स्वदेशी स्वच्छ ऊर्जालाई एआई कम्प्युटिङमा खपत गराउन सकियो भने नेपालले धेरै ठूलो आर्थिक छलाङ मार्न सक्ने उनको भनाइ छ ।

# उत्तराखण्ड गोल्डकप क्रिकेटमा नेपाल ए को लगातार दोस्रो हार

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, १७ जेठ**



भारतको उत्तराखण्डमा जारी ४२औं अल इन्डिया उत्तराखण्ड गोल्डकप क्रिकेटको आफ्नो दोस्रो खेलमा पनि नेपाल ए पराजित भएको छ ।

३४ ओभरमा घटाइएको खेलमा नेपाल ए गोवासँग ३ विकेटले पराजित भएको हो । नेपालले दिएको २११ रनको लक्ष्य गोवाले २ बल बाँकी छँदा ७ विकेटको क्षतिमा पूरा गरेको हो। गोवाका लागि वीर यादवले ८० रन बनाए । ललित यादवले ४२ तथा स्नेहल कौथनकरले २३ रन बनाए । अभिनव तेज राना र दीपराज गावन्करले समान १६ रन बनाए। त्यसअघि टस हारेर पहिले ब्याटिङको निम्ती पाएको नेपाल ए ले निर्धारित ३४ ओभरमा ९ विकेट गुमाएर २१० रनको योगफल बनाएको थियो ।

तृतराज दासले ८६ बलमा १०४ रनको पारी खेले । अर्जुन कुमालले ५३ रन बनाए । बसिर अहमद १९ रनमा अविजित रहे भने राशिद खानले १४ रन बनाए । गोवाका लागि दीपराज गावन्करले ६ विकेट लिए । भी कौशिक र ललित यादवले १-१ विकेट लिए । नेपाल यसअघि पहिलो खेलमा केरलासँग पराजित भएको थियो ।

# सवारीसाधन तथा पार्टपुर्जाको आयात उल्लेख्य रूपमा बढे

**जलेश्वरटुडे समाचारदाता**
**पर्सा, १७ जेठ**



चालु आर्थिक वर्षको पहिलो १० महिनामा वीरगञ्ज भन्सार नाकामार्फत सवारीसाधन तथा तिनका पार्टपुर्जाको आयात उल्लेख्य रूपमा बढेको छ।

यस अवधिमा रु ३१ अर्ब ३१ करोड बराबरका सवारीसाधन र पार्टपुर्जा आयात भएको तथ्यांकले देखाएको छ। वीरगञ्ज भन्सार कार्यालयका अनुसार गत आर्थिक वर्षको सोही अवधिको तुलनामा यस वर्ष सवारीसाधन तथा पार्टपुर्जाको आयात रु ९ अर्ब ६५ करोडले बढेको हो। आयातमा भएको वृद्धिसँगै राजस्व सङ्कलनमा पनि उल्लेखनीय सुधार देखिएको छ। भन्सार कार्यालयका सूचना अधिकारी उदयसिंह विष्टका अनुसार चालु आर्थिक वर्षको पहिलो १० महिनामा सवारीसाधन तथा तिनका पार्टपुर्जाबाट मात्रै रु २० अर्ब ५२ करोड राजस्व सङ्कलन भएको छ । गत आर्थिक वर्षको सोही अवधिमा यस्तो राजस्व सङ्कलन रु १६ अर्ब ६४ करोड रहेको थियो। तथ्यांकअनुसार यस अवधिमा रु एक अर्ब २५ करोड मूल्य बराबरका विभिन्न सवारीसाधन आयात हुँदा त्यसबाट रु तीन अर्ब १७ करोड राजस्व असुल गरिएको छ। त्यस्तै, रु सात अर्ब ३२ करोड मूल्य बराबरका ५१ हजार ४२३ वटा 'अन एसेम्बल्ड' मोटरसाइकल आयात गरिएको छ। ती मोटरसाइकलबाट मात्रै रु सात अर्बभन्दा बढी राजस्व सङ्कलन भएको भन्सार कार्यालयले जनाएको छ । सवारीसाधनको बढ्दो माग, सहज आयात व्यवस्था तथा बजारमा देखिएको आर्थिक गतिविधिको विस्तारका कारण आयात र राजस्व दुवैमा वृद्धि भएको भन्सार अधिकारीहरूको भनाइ छ ।

# प्रधानमन्त्रीलाई विपक्षीको प्रश्न : नेपालले भारतको सीमा कहाँ मिचेको छ ?

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, १७ जेठ**



प्रधानमन्त्री वालेन्द्र शाहले नेपालले भारतको सीमा मिचेको विषयमा प्रमुख प्रतिपक्षी कांग्रेस र नेकपाले जवाफ माग गरेको छ। नेपालले कहाँ भारतको जग्गा मिचेको छ भन्ने जानकारी कांग्रेस र नेकपाले संसद्‍बाट नै माग गरेको हुन् ।

कांग्रेस प्रमुख सचेतक बासना थापाले प्रधानमन्त्री शाहको अभिव्यक्तिबारे स्पष्ट पार्न माग गरेकी हुन्। नेकपाका सांसद रमेश मल्लले संसदको रोष्ट्रमबाट प्रधानमन्त्रीले दिएको अभिव्यक्ति आपत्तिजनक भएको बताए । थापाले भनिन्, 'नेपाल भार सीमा विवाद छन् । तर प्रधानमन्त्रीले नेपालले पनि भारतको भूमि मिच्यो भन्नुभयो। कहाँनेर मिचिएको हो छिटोभन्दा छिटो अवगत गराउन पर्‍यो । यो कुन विषय हो ? यो गम्भीर र आपत्तिजनक विषय हो । प्रधानमन्त्रीले तथ्य बिना दुई देश सीमाबारे बोलेको कुरा सही होइन भने रेकर्डबाट हटाइयोस् भन्ने माग गर्न चाहन्छु ।' नेकपाका सांसद रमेश मल्लले मुलुकको सार्वभौम सत्ता र राष्ट्रिय अखण्डताका मूलभूत सिद्धान्तविपरीत प्रधानमन्त्री बोलेको बताए ।

'मुलुकको राष्ट्रिय अखण्डताको विषयमा आँच आउने खालको अभिव्यक्ति सम्माननीय प्रधानमन्त्रीले जसरी एउटा जिम्मेवारी व्यक्ति जिम्मेवार सदनको रोष्ट्रमबाट जो कुरा व्यक्त गर्नुभएको छ यो सामान्य विषय छैन,' मल्लले भने, 'उहाँले अनौपचारिक कुराकानीमा राखेको विषयवस्तु जस्तो सम्झनुभयो कि जस्तो मलाई लागेको छ। यो कुरा धेरै नै गम्भीर छ ।

कुनै मुलुकका सरकार प्रमुख, राष्ट्र प्रमुखहरूले मञ्चमा बसेर हामीले फलानो देशको भूमि मिचेका छौं भन्छन् होला ? यो कति गम्भीर विषय छ ?' मल्लले पनि प्रधानमन्त्रीको अभिव्यक्तिलाई संसद्को तर्फबाट सच्याउन पर्ने र संसद्को रेकर्डबाट हटाउन सभामुखसँग माग गरे ।

# करसम्बन्धी संशोधनका भ्रम तथा यथार्थ

-सरकारले प्रस्तुत गरेको आर्थिक विधेयकले आयकर, मूल्य अभिवृद्धि कर र अन्य करका व्यवस्थामा केही स्पष्टता ल्याएको छ । करको दर घटाइ दायरा बढाउने प्रयाससँगै, रोजगारीको आयमा राहत दिइएको छ भने घरजग्गा तथा सेयर बिक्रीमा करको दर केही बढाइएको छ । व्यवसायीका माग सम्बोधन गर्दै कर निर्धारणको अवधि घटाइएको र कर फिर्ता माग गर्ने समयसीमा बढाइएको छ । सरकारले शुक्रबार संघीय संसद्मा पेस गरेको आर्थिक वर्ष २०८३/८४ को बजेट तथा त्यसपछि जारी आर्थिक विधेयकले धेरै करदातामा केही दुविधा उत्पन्न भएको पाइन्छ । तिनै प्रश्नमध्ये बजेटमा गरिएका आयकर, मूल्य अभिवृद्धि कर तथा अर्थिक विधेयकका व्यवस्थालाई यहाँ छलफल गर्ने प्रयास गरिएको छ ।

आयकर ऐनको दफा ५७ लागू नहुने: आयकर ऐनको दफा ५७ मा आर्थिक विधेयक २०८३ ले निम्न अवस्थामा दफा ५७ आकर्षित नहुने व्यवस्था गरेको छ- पहिलो, स्टार्टअप भेञ्चर क्यापिटल र प्राइभेट इक्विटी फन्डमा साबिकका सेयरवाला तथा साझेदारको पुँजी यथावत् रही नयाँ सेयरवाला तथा साझेदार थप भई पुँजी वृद्धि भएको अवस्था । दोस्रो, निकायको हिताधिकारीको मृत्युका कारण उक्त निकायमा रहेको हितको अस्वैच्छिक नि:सर्ग भई कानुनी हकवालालाई हस्तान्तरण भएको । तेस्रो, बासिन्दा निकायको स्वामित्व परिवर्तन भई सोही कारण उक्त निकायको हित रहेको अर्को बासिन्दा निकायको स्वामित्व परिवर्तन भएको अवस्थामा । पछिल्ला दुई अवस्था १ साउनपछि भएको स्वामित्वको परिवर्तनमा मात्र लागू हुन्छ । अन्य अवस्थामा कम्पनी तथा साझेदारी व्यवसायमा सेयर स्वामित्वमा ५० प्रतिशत वा सोभन्दा बढी परिवर्तन भए दफा ५७ लागू हुन्छ ।

स्टार्टअप भेञ्चर क्यापिटल र प्राइभेट इक्विटी फन्डमा साबिकका सेयरवाला तथा साझेदारको पुँजी यथावत् रही थप नयाँ सेयरहोल्डर वा साझेदारले नयाँ पुँजी थप गरे मात्र दफा ५७ नलाग्ने अवस्था छ । यो व्यवस्था अन्य निकायको हकमा लागू हुँदैन । यस्तै हिताधिकारीको मृत्युका कारण हितको अस्वैच्छिक नि:सर्ग भई सेयर संरचनामा परिवर्तन भएमा दफा ५७ नलाग्ने व्यवस्था थप गरिएको छ । यो व्यवस्था सर्वोच्च अदालतको ११ भदौ २०८१ को ०८०-डब्लूओ-१५०६ को उत्प्रेषण आदेशमा समेत निर्णय भइसकेको हुनाले उक्त अवस्थालाई आयकर ऐनमा संलग्न गर्न खोजिएको देखिन्छ ।

दफा ५७ को व्यवस्थामा यस विधेयकले तेस्रो अवस्था मात्र थप गरेको छ । नेपालको बासिन्दा कम्पनीले अन्य कम्पनीमा लगानी गरेकामा उक्त लगानी गर्ने कम्पनीमा स्वामित्व परिवर्तन भई उक्त कम्पनीको लगानी रहेको अर्को बासिन्दा निकायको समेत दफा ५७ लाग्ने अवस्था हटेको छ । उदाहरणका लागि नेपालमा दर्ता भएको हिमाल कम्पनीमा यसका सेयरहोल्डरबीच हक हस्तान्तरण भई स्वामित्वको परिवर्तनले दफा ५७ आकर्षित भए उक्त हिमाल कम्पनीको ९० प्रतिशत सेयर लगानी रहेको नेपालमा दर्ता भएको पहाड कम्पनीमा समेत दफा ५७ आकर्षित हुने व्यवस्था यसअघि रहेकामा संशोधनपछि पहाड कम्पनीमा दफा ५७ नलाग्ने व्यवस्था भएको छ । फलस्वरूप हिमाल कम्पनीमा दफा ५७ आकर्षित हुँदासमेत पहाड कम्पनीमा दफा ५७ आकर्षित हुँदैन । आयकर ऐनको दफा ५७ वा दफा ९५ क-लाई व्यावसायिक जगत्ले आयकर ऐनको सबैभन्दा जटिल व्यवस्थामध्ये एक व्यवस्थाका रूपमा लिएको अवस्था रहेको छ । नयाँ सरकारले यी दुई दफामध्ये एक दफामा मूलभूत परिवर्तन गर्ने अपेक्षा धेरैको रहेकामा सोबमोजिम संशोधन नभएको अवस्था रहेको छ ।

तथापि उल्लिखित संशोधनले केही हदसम्म प्रशासनिक जटिलता कम गर्न सहयोग गरेको पाइन्छ । पुँजीगत लाभकर प्राकृतिक व्यक्ति तथा निकायलाई अन्तिम हुने: आयकर ऐन २०५८ बमोजिम पुँजीगत लाभकर केवल प्राकृतिक व्यक्तिको हकमा मात्र लागू हुन्छ । निकाय ( कम्पनी, साझेदारी व्यवसाय आदि) मा जग्गा, भवन तथा सेयर लगानी बिक्रीबाट भएको लाभमा सामान्य दरमा कर लाग्छ । प्राकृतिक व्यक्तिले सेयर लगानी, जग्गा भवन बिक्रीबाट प्राप्त लाभमा यसअघि आय विवरण बुझाउनुपर्ने व्यवस्था रहे तापनि थप कर नलाग्ने व्यवस्था रहेकामा आय विवरण पेस गर्न नचाहने बासिन्दा प्राकृतिक व्यक्ति वा गैरबासिन्दा व्यक्तिले प्राप्त लाभमा तिरेको अग्रिम आयकर अन्तिम हुने व्यवस्था थप गरिएको छ । यस व्यवस्थाले लगानीकर्तामा भएको संशयलाई निराकरण गरेको छ । विदेशबाट प्राप्त रकम अन्तिम हुने : बैंक, वित्तीय संस्था वा रेमिट्यान्स कम्पनीबाट ५ प्रतिशत कर कट्टा गरी नेपाल बाहिरबाट सफ्टवेयर वा अन्य विद्युतीय सेवा उपलब्ध गराएबापत प्राप्त आम्दानी, व्यवसाय सञ्चालनमा संलग्न नरहेको कुनै बासिन्दा प्राकृतिक व्यक्तिले व्यक्तिगत रूपमा बाहेक विदेशमा परामर्श सेवाबापत प्राप्त आम्दानी, सामाजिक सञ्जालको प्रयोगबाट प्राप्त आम्दानी, बासिन्दा ई-कमर्स प्लेटफर्मले कट्टा गरेको एक प्रतिशत अग्रिम करसमेत अन्तिम कर कट्टी हुने व्यवस्था थप गरेको छ । यसरी अन्तिम कर कट्टी भएको रकममा थप कर बुझाउन पर्दैन । यसअघि यस्तो आय भएका करदाताको हकमा आयकर ऐनको अनुसूची १ को दफा १ को उपदफा ४ क-बमोजिम थप कर नलाग्ने भए तापनि आय विवरण पेस गर्न आवश्यक थियो ।

सामाजिक सञ्जालको प्रयोग गरी आयआर्जन गर्ने करदाता, बाइक तथा कार चलाउने राइडर, आईटी सेवा प्रदान गर्ने प्राकृतिक व्यक्तिको प्रशासनिक दायित्व यसले हल गरेको छ । तथापि यस्ता करका अतिरिक्त अन्य आम्दानीसमेत भएका वार्षिक ४० लाख वा त्यसभन्दा बढी आम्दानी गर्ने करदाताले डे-०४ विवरण वार्षिक रूपमा पेस गर्न आवश्यक छ । रोजगारीबाट प्राप्त हुने आयमा कर: आर्थिक विधेयक २०८३ मार्फत रोजगारीको आयमा गरिएको आयकरको व्यवस्थालाई करदाताले ठूलो राहतका रूपमा लिएका छन् । एकल तथा दम्पती दुवै अवस्थामा करको दर एउटै कायम गरिएको छ । यसअघि एकलको हकमा ५ लाख तथा दम्पतीको हकमा ६ लाखसम्म कर नलाग्ने वा एक प्रतिशतमात्र लाग्ने व्यवस्था थियो । तालिका- १ मा २०८२/८३ तथा २०८३/८४ को आयकरको दर र सीमालाई तुलनात्मक रूपमा प्रस्तुत गरिएको छ । उक्त दरबमोजिम एकल पुरुष करदाताको २०८२/८३ तथा २०८३/८४ मा विभिन्न आयको सीमा रकममा तालिका-२ बमोजिम कर दायित्व घट्ने देखिन्छ । महिला करदाताको हकमा कर दायित्व १० प्रतिशतले कम हुन्छ । घरको बिमाबापत कर गणनामा घटाउन पाउने रकमसमेत ५ हजारबाट १० हजार कायम गरिएको छ । यसबाट समेत केही कर दायित्व घट्ने देखिन्छ । करको दर घटाइ करको दायरा वृद्धि : करको दर घटाइ करको दायरा वृद्धि गर्ने सैद्धान्तिक विषय सुन्न र भन्नमा जति सहज भए तापनि कर नीति निर्माणमा त्यति नै पेचिलो हुन्छ । करको दर घटाउँदा स्रोतमा पर्ने दबाब तथा दायरा वृद्धि गर्ने क्षेत्र नहुनु बजेट निर्माणको सबैभन्दा जटिल विषय हो । रोजगारदाताको आयकरको दर घटाइँदा पर्ने स्रोतको व्यवस्थापन केही हदसम्ममा निष्क्रिय आयका रूपमा चिनिने घरजग्गा बिक्रीको लाभ तथा सूचीकृत कम्पनीको सेयर बिक्रीबाट पूर्ति गर्ने प्रयाससमेत गरिएको देखिन्छ । रोजगारी जस्ता सक्रिय आयमा करको दर कम गरी घरजग्गा खरिदबिक्री तथा सूचीकृत कम्पनीको सेयरमा लगानीबाट प्राप्त आयमा करको दर केही वृद्धि गरिएको छ । पाँच वर्षभित्र बिक्री गरिएको घरजग्गाको लाभमा करको दर ७.५ प्रतिशतबाट १० प्रतिशत कायम गरिएको छ । पाँच वर्षभन्दा बढी अवधिपछि बिक्री गरिएको घरजग्गाको लाभमा करको दर ५ प्रतिशतबाट ७.५ प्रतिशत कायम गरिएको छ । यस्तै ३ सय ६५ दिनभन्दा कम अवधिभित्र बिक्री गरिएको सूचीकृत कम्पनीको सेयर बिक्रीबाट प्राप्त लाभमा करको दर ७.५ प्रतिशतबाट १० प्रतिशत कायम गरिएको छ । ३ सय ६५ दिनभन्दा बढी समयपछि बेचिएको सूचीकृत कम्पनीको सेयर बिक्रीबाट प्राप्त लाभमा करको दर ५ प्रतिशतबाट ७.५ प्रतिशत कायम गरिएको छ । सूचीकृत कम्पनीको सेयर खरिदबिक्रीको लाभमा कर संकलन सरल भए तापनि घरजग्गाको खरिदबिक्रीको करको संकलन सुदृढ गर्ने घरजग्गाको मूल्य निर्धारण गर्ने वैज्ञानिक विधि आवश्यकता छ ।


करको दायरा बढाउने उद्देश्यले नयाँ समता करका रूपमा पुरानै स्वास्थ्य सेवा कर तथा शिक्षा सेवा करलाई स्वास्थ्य समानता शुल्क तथा शिक्षा समता शुल्क नामकरण गरी लागू गरिएको छ । निजी क्षेत्रबाट सञ्चालित स्वास्थ्य सेवा प्रदायक तथा शिक्षण संस्थाले सबै प्रकारको शुल्कमा ३ प्रतिशत समता कर सेवाग्राहीबाट असुल गरी भुक्तानी गर्नुपर्छ । यसले निजी शिक्षण सेवा तथा निजी स्वास्थ्य सेवा ३ प्रतिशतले महँगो पर्ने देखिन्छ । व्यवसायीको माग सम्बोधन: कर नीतिको छलफलका क्रममा व्यवसायीबाट राखिने धेरैजसो मागलाई यस विधेयकले सम्बोधन गर्न चाहेको देखिन्छ । भ्याटमा बहुदर लागू गर्नुपर्ने माग व्यवसायीबाट २०५२ सालदेखि नै राखिँदै आएकामा हरेक सरकारले प्रशासनिक जटिलता देखाउँदै बहुदर लागू नगरेको अवस्था थियो । राइड सेयरिङ सेवा सञ्चालन गर्ने व्यक्ति (राइड सेयरिङ अपरेटर) बाट सञ्चालित प्लेटफार्ममा आबद्ध भई यातायात तथा ढुवानी सेवा प्रदान गर्ने व्यक्तिलाई कारोबार गरेको बखत राइड सेयरिङ सेवा सञ्चालन गर्ने व्यक्ति र अन्तिम उपभोक्तालाई विद्युत् सेवा प्रदान गर्ने व्यक्ति (नेपाल विद्युत् प्राधिकरण) लाई पाँच प्रतिशत मूल्य अभिवृद्धि कर लगाई मूल्य अभिवृद्धि करमा बहुदर कायम गरिएको छ ।

**साभार : कान्तिपुर ।**











प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : जय दुर्गा अफसेट प्रेस, जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday